नेपाल सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

# मानव बेचविखन अनुसन्धान ब्यूरो

PRESS RELEASE

(मिडिया डेस्क)

बबरमहल, काठमाण्डौ

मिति: २०७८/०९/२९ गते।

## "अमेरिका लैजान्छु भनि बेचबिखन गर्ने पक्राउ"

जाहेरवाला परिवर्तीत नाम बबरमहल ४ लाई प्रतिबादी मुक्ति नारायण के.सी. र निजकी श्रीमती सुधा देबकोटाले अमेरीका जानको लागि नेपाली रु.२७,००,०००।- (सताईस लाख रुपैंया ) खर्च लाग्छ, मासिक तीन लाख तलब हुन्छ भनि प्रलोभनमा पारी मुक्ति नारायण के.सी.को भान्जाले सात हजार अमेरिकी डलर बराबरको रकम साट्न लगाई पटक पटक गरी ने.रु.१९,१०,०००।-(उन्नाईस लाख दश हजार रुपैया) लिई २५ जनवरी २०१९ मा नेपालको त्रिभुवन अर्न्तराष्ट्रिय बिमानस्थलबाट ईण्डोनेसियाको बाली तथा जाकार्तामा पुऱ्याई बोलेभिया हुंदै अमेरीका जाने भनि जाकार्ताको एयरपोर्टमा पुऱ्याउँदा सेटीङ नमिलेको भनि फर्काई दिएपछि पुन: ईथोपियामा पठाई बोले भन्ने शहरबाट मेक्सीको हुँदै अमेरीका जानुपर्छ भनि एउटा कोठामा राखि बाहिर कतै निस्कन नदिई साँढे तीन महिना सम्म बन्धक बनाई राखेको अवस्थामा जाहेरवाला घर परिवारसंग कुरा गरी घरबाटै टिकट पठाई दिएपछि नेपाल फर्किई मिति २०७६/०७/२१ गते यस कार्यालयमा जाहेरी दरखास्त दिएको तथा अर्का जाहेरवाला परिवर्तीत नाम बबरमहल ९ लाई प्रतिबादी मुक्ति नारायण के.सी.ले अमेरिका जाने खर्च रु.२७,००,०००।-(सताईस लाख) लाग्छ, मासिक तीन लाख कमाई हुन्छ भनि प्रलोभन देखाई मुक्ति नारायण के.सी. तथा निजकी श्रीमती सुधा देबकोटाले ने. रु.१५,००,०००।– (पन्ध्र लाख रुपैंया) समेत लिई काठमाण्डौको स्वयम्भुबाट बस चढाई भारतको नयाँदिल्ली पुऱ्याई २ महिना सम्म राखि, नयाँ दिल्लीबाट काम हुन सकेन, अब नेपालबाट चाँडो हुन्छ भनि फिर्ता बोलाई नेपालबाट पुन: ईन्डोनेसिया बाट अमेरिका जाने भनि सन् २०१९ फेब्रुअरी २४ मा मलेसिया हुँदै इन्डोनेसियाको बाली हुँदै जार्कता पुऱ्याई ७ महिना सम्म जाहेरवाला परिवर्तीत नाम बबरमहल ९ लाई खान समेत नदिई कोठामा बन्धक बनाई शारिरीक तथा मानसिक यातना दिई राखेको अवस्थामा जाकर्ताको इमिग्रेसन बाट पक्राउ परी १४ दिन जेलमा बसी मिति २०७६।०८।१३ गते नेपाल फर्किई मिति २०७६/०८/१९ गते यस कार्यालयमा जाहेरी दरखास्त प्राप्त भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दाहरुमा फरार रहेकी प्रतिबादी सुधा देवकोटालाई यस ब्यूरोबाट खटिएको टोलीले मिति २०७८/०८/२८ गते का.जि.तारकेश्वर नगरपालिका वडा नं.२ काभ्रेस्थलीबाट पक्राउ गरी अनुसन्धान गरी अदालतमा पेश हुँदा काठमाण्डौं जिल्ला अदालतको मिति २०७८/०९/२७ गतेको आदेशले प्रतिबादी सुधा देबकोटा पुर्पक्षको लागि कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा गएको ।

**पक्राउ प्रतिवादी :-**

नाम:- सुधा देबकोटा उमेर: २४ बर्ष

ठेगाना:- जिल्ला दाङ साबिक बिजौरी गा.बि.स.वडा नं.६ हाल परिवर्तित तुल्सीपुर उपमहानगरपालिका वडा नं.१९ स्थायी घर भई हाल का.जि.तारकेश्वर नगरपालिका वडा नं.२ काभ्रेस्थली।

पक्राउ मिति:-२०७८।०८।२८ गते।

पक्राउ स्थान:- जिल्ला काठमाण्डौ तारकेश्वर न.पा.वडा नं. २ काभ्रेस्थली ।

**कानुनी प्रावधान:-**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ बमोजिम अनुसन्धान कारवाही भएको ।

प्रहरी उपरीक्षक

( राजेन्द्र प्रसाद धमला )

प्रवक्ता एवं सूचना अधिकारी

सम्पर्क नम्बर:-९८५१२८०३७६